# महालक्ष्मी राजपत्र

## खण्डः ५, सङ्ख्याः ८, भाग–२

## मिति २०७८/०६/११

## महालक्ष्मी नगरपालिका
## ललितपुर


# ज्येष्ठ नागरिक स्वास्थ्य सेवा सञ्चालन निर्देशिका, २०७८

**प्रस्तावनाः** नगरपालिकाको आर्थिक वर्ष ०७८/७९ को स्वीकृत नीति तथा कार्यक्रमबमोजिम ७० बर्ष उमेर पूरा भएका नगर क्षेत्रभित्र स्थायी रूपले बसोबास गर्ने ज्येष्ठ नागरिकहरूलाई घरघरमा गई स्वास्थ्य सेवा प्रदान गर्ने कार्यक्रम सञ्चालनलाई व्यवस्थित गर्न महालक्ष्मी नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगरकार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम ज्येष्ठ नागरिक स्वास्थ्य सेवा सञ्चालन निर्देशिका, २०७८ रहेको छ ।

(२) यो निर्देशिका राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "उपप्रमुख" भन्नाले महालक्ष्मी नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ ।

(ख) "ज्येष्ठ नागरिक" भन्नाले नगरपालिकाभित्र स्थायी रूपमा बसोबास गर्ने ७० वर्ष माथिका ज्येष्ठ नागरिकलाई सम्झनु पर्दछ।

(ग) "नगरपालिका" भन्नाले महालक्ष्मी नगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख" भन्नाले महालक्ष्मी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महालक्ष्मी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) "स्वास्थ्यकर्मी" भन्नाले नगरपालिकाअन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत मेडिकल अधिकृत, नर्सिङ, पारामेडिक्स कर्मचारी सम्झनु पर्दछ र सो शब्दले महिला स्वास्थ्य स्वयमसेविकालाई समेत जनाउँछ।

(छ) "स्वास्थ्य शाखा प्रमुख" भन्नाले महालक्ष्मी नगरपालिकाको स्वास्थ्य शाखा प्रमुखको रूपमा तोकिएको अधिकृतलाई सम्झनु पर्दछ ।

(ज) "स्वास्थ्य संस्था" भन्नाले नगरपालिका अन्तर्गतका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्रलाई सम्झनु पर्दछ।

**३. ज्येष्ठ नागरिक स्वास्थ्य सेवा सञ्चालन:** ज्येष्ठ नागरिक स्वास्थ्य सेवा सञ्चालन गर्दा देहायबमोजिम गर्नुपर्नेछ ।

(१) नगरपालिकाभित्र स्थायी रूपले बसोबास गर्ने ७० बर्ष उमेर पुगेका ज्येष्ठ नागरिकहरूको घरघरमै गई स्वास्थ्य जाँच गरी औषधि समेत वितरण गर्नु पर्नेछ ।

(२) ज्येष्ठ नागरिकको स्वास्थ्य जाँच गर्दा रक्तचाप, मधुमेह, अक्सिजनको मात्रा,नाडीको गति जस्ता सामान्य स्वास्थ्य जाँच गरी स्वास्थ्य अवस्थाको अभिलेख अनुसूची-१ को ढाँचामा राख्नु पर्नेछ ।

(३) ज्येष्ठ नागरिकको स्वास्थ्य जाँच गर्दा अनुसूची-२ बमोजिमको पुर्जा दिनु पर्नेछ।

(४) ज्येष्ठ नागरिकलाई स्वास्थ्य सेवा प्रदान गरिएको अभिलेख प्रत्येक महिना अनुसूची-३ को ढाँचामा स्वास्थ्य शाखामा पठाउनु पर्नेछ ।

(५) ज्येष्ठ नागरिकलाई सेवा प्रदान गर्दा आवश्यकता अनुसार मेडिकल अधिकृतसँग समन्वय र सहयोग लिइनेछ । स्वास्थ्यकर्मीले सेवा प्रदान गर्दा आवश्यक सहयोग मागेमा सहयोग गर्नु मेडिकल अधिकृतको कर्तव्य हुनेछ । जटिल प्रकृतिको रोग लागि प्रेषण गर्न आवश्यक ठानिएका जेष्ठ नागरिकलाई मेडिकल अधिकृतको परामर्शमा अनुसूची-४ बमोजिमको ढाँचामा फाराम भरी प्रेषण गरिनेछ ।

(६) ज्येष्ठ नागरिकहरूलाई स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्यकर्मीहरूलाई आवश्यकता अनुसार कार्यालय समयका अतिरिक्त अन्य समयमा खटाउन सकिनेछ।

**४. औषधि वितरणसम्बन्धी व्यवस्था:** (१) ज्येष्ठ नागरिक स्वास्थ्य सेवा सञ्चालन प्रदान गर्ने क्रममा बिरामीको आवश्यकता अनुसार स्वास्थ्यकर्मीले पारासिटामोल, ओ.आर.एस, एन्टासिड, भिटामिन बि कम्प्लेक्सजस्ता सामान्य औषधिहरू प्रदान गर्न सक्नेछ । दीर्घ रोगका बिरामीले सेवन गरिरहेका औषधिहरू स्वास्थ्य संस्थामा उपलब्ध रहेमा सोसमेत उपलब्ध गराउन सक्नेछन् ।

(२) आर्थिक रूपले विपन्न ज्येष्ठ नागरिकले आर्थिक अभावमा अत्यावश्यक औषधि सेवन गर्न नसक्ने अवस्था रहेको पाइएमा स्वास्थ्यकर्मीको प्रतिवेदनको आधारमा सम्बन्धित मेडिकल अधिकृतले नगरप्रमुख समक्ष सिफारिस गरी पठाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको सिफारिसको आधारमा नगरप्रमुखको स्वीकृतिमा त्यस्ता ज्येष्ठ नागरिकलाई औषधिको व्यवस्था गरी उपलब्ध गराइनेछ ।

(४) उपदफा (३) बमोजिम उपलब्ध गराइएको औषधि र बिरामीको विवरण स्वास्थ्य शाखाले अद्यावधिक गरी राख्नु पर्नेछ ।

**५.स्वास्थ्यकर्मीको परिचालन:** (१) जेष्ठ नागरिक स्वास्थ्य सेवा सञ्चालनको लागि प्रत्येक स्वास्थ्य संस्थामा रहेका स्वास्थ्यकर्मीलाई आलोपालो मिलाई प्रत्येक हप्ता आफ्नो सेवा क्षेत्रमा रहेका लक्षित ज्येष्ठ नागरिकलाई सेवा प्रदान गर्न खटाइनेछ ।

(२) स्वास्थ्यकर्मी परिचालन गर्दा गाँउघर क्लिनिक र खोप क्लिनिकमा खटिएका स्वास्थ्यकर्मीलाई प्राथमिकता दिई परिचालन गर्नु पर्नेछ ।

(३) स्वास्थ्यकर्मीहरूले पूर्ण सेवाभावले ज्येष्ठ नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ ।

(४) जेष्ठ नागरिकलाई सेवा प्रदान गर्दा स्वास्थ्यकर्मीहरूले आपसमा सहयोग, समन्वय र सहकार्य गर्नु पर्नेछ ।

**६. स्वास्थ्यकर्मीको आचरण:** (१) ज्येष्ठ नागारिक स्वास्थ्य सेवा प्रदान गर्दा ज्येष्ठ नागरिकको घरघरमा गई विनम्रतापूर्वक सेवा प्रदान गर्नु पर्नेछ ।

(२) सेवा प्रदान गर्न जाँदा अनिवार्य रूपमा कार्यालयको पोसाक र परिचय पत्र लगाएर जानु पर्नेछ ।

(३) सेवा प्रदान गर्दा आत्मीय, नम्र र आदरपूर्वक व्यवहार गर्नु पर्नेछ ।

(४) सेवा प्रदान गरेबापत कुनै शुल्क, दस्तुर वा कुनै प्रकारको रकम लिन पाइने छैन।

**७. सेवा सुविधा:** ज्येष्ठ नागरिक सेवा प्रदान गरेबापत प्रति स्वास्थ्यकर्मी प्रति महिना रु १०००-/(अक्षरेपि एक हजार मात्र) खाजा खर्च रु २००-/(अक्षरेपि दुई सय मात्र) संचार खर्च उपलब्ध गराइने छ ।

**८. स्वास्थ्य उपकरण तथा औषधिको प्रबन्ध:** ज्येष्ठ नागरिक स्वास्थ्य सेवा प्रदान गर्दा प्रयोग गर्नुपर्ने उपकरण तथा औषधि स्वास्थ्य शाखाअन्तर्गत विनियोजित सम्बन्धित शीर्षकबाट व्यवस्थापन गरिनेछ ।

**९. अनुगमनसम्बन्धी व्यवस्था:**(१) ज्येष्ठ नागरिक स्वास्थ्य सेवा सञ्चालनको अनुगमन गरी आवश्यक सहयोग गर्न देहाय बमोजिमको अनुगमन समिति रहने छः

| | |
|---|---|
| उप प्रमुख | - संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| सम्बन्धित वडाको वडा अध्यक्ष | - सदस्य |
| नगर प्रमुखले तोकेको मेडिकल अधिकृत | - सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | - सदस्य सचिव |

(२) अनुगमन समितिको काम कर्तव्य, अधिकारः उपदफा (१) बमोजिम गठित अनुगमन समितिको काम कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछः

(क) नगरपालिकाबाट सञ्चालित ज्येष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रमको नियमित अनुगमन गरी स्वास्थ्यकर्मीहरूलाई आवश्यक सहजीकरण एवम् सहयोग गर्ने

(ख) आर्थिक रूपले विपन्न असहाय ज्येष्ठ नागरिकको थप उपचार गर्नुपर्ने अवस्थामा नगरपालिकालाई सिफारिस गर्ने।

(ग) कार्यक्रम सञ्चालनका क्रममा देखिएका समस्याहरूको समाधानका लागि सिफारिस गर्ने।

अनुसूची–१

दफा ३ को उपदफा (२) सँग सम्बन्धित

स्वास्थ्यकर्मीले राख्ने अभिलेखको नमुना

महालक्ष्मी नगरपालिका

ललितपुर

"बा आमाको सेवा स्वास्थ्य उपचारमा टेवा"

# ज्येष्ठ नागरिक स्वास्थ्य सेवासम्बन्धी रेकर्ड बुक

जाँच गर्ने स्वास्थ्यकर्मीको नाम थरः

स्वास्थ्य संस्थाको नामः

| क.स. | ज्येष्ठ नागरिकको नाम थर | उमेर/ लिङ्ग | वडा नं | रक्तचाप | नाडीको गति | अक्सिजन लेभल | सुगर लेभल | तापक्रम | अन्य | निदान | जाँचेको मिति | औषधि वितरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

अनुसूची–२

दफा ३ को उपदफा (३) सँग सम्बन्धित

# ज्येष्ठ नागरिकलाई दिइने पुर्जाको नमुना

स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर

“Clean, Green, Prosperous, Full of Beauty-Mahalxami Municipality”

“Unite to Fight Against Corona Virus COVID-19”

महालक्ष्मी नगरपालिका
ललितपुर

“बा आमाको सेवा, स्वास्थ्य उपचारमा टेवा”

## ज्येष्ठ नागरिक स्वास्थ्य सेवा कार्ड

नामथरः

लिङ्ग :

उमेर :

ठेगाना :

पेसा :

| जाँच गरेको मिति | मेडिकल हिष्ट्री | रक्तचाप | नाडीको गति | अक्सिजन लेभल | मधुमेह | तापक्रम | अन्य | रोगको निदान | औषधी वितरण विवरण | अन्य सेवा | जाँच्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| साउन | | | | | | | | | | | |
| भदौ | | | | | | | | | | | |
| असोज | | | | | | | | | | | |
| कात्तिक | | | | | | | | | | | |
| मङ्सिर | | | | | | | | | | | |
| पुष | | | | | | | | | | | |
| माघ | | | | | | | | | | | |
| फागुन | | | | | | | | | | | |
| चैत | | | | | | | | | | | |
| वैशाख | | | | | | | | | | | |
| जेठ | | | | | | | | | | | |
| असार | | | | | | | | | | | |

## ज्येष्ठ नागरिकका लागि सामाजिक सुरक्षा र छुट सुविधा

राज्यका तर्फबाट निम्न सामाजिक सुरक्षा र छुट सुविधाको व्यवस्था गरेको हुँदा, उक्त सामाजिक सुरक्षा र छुट सुविधाबाट लाभ लिनुहुन हार्दिक अनुरोध गर्दछु ।

१. सामाजिक सुरक्षा भत्ता मासिक रू. ४,०००– (आर्थिक वर्ष २०७८/०७९ को बजेट)

(दलित नागरिक ६० वर्ष र दलितबाहेक अन्य७० वर्ष पूरा भएका ज्येष्ठ नागरिकले प्राप्त गर्ने)

२. सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकलाई ५० प्रतिशत छुट र कम्तीमा दुई वटा सिट सुरक्षित गर्ने व्यवस्था रहेको – (सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकलाई छुट र सुविधा दिने सम्बन्धी कार्यविधि, २०७०)

३. नेपाल सरकारले तोकेको स्वास्थ्य संस्थामा उपचार गराउँदा लाग्ने शुल्कमा कम्तीमा ५० प्रतिशत छुट – (ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३)

४. सत्तरी वर्ष उमेर नाघेका ज्येष्ठ नागरिकले मात्र उपयोग गर्ने गरी एक लाख रूपैयाँसम्मको स्वास्थ्य बीमा – (स्वास्थ्य बीमा नियामावली, २०७५)

५. ७० वर्ष बढी उमेरका ज्येष्ठ नागरिकको स्वामित्वमा प्राप्त हुने गरी पारित लिखतमा लाग्ने रजिस्ट्रेसन शुल्कमा २५ प्रतिशत छुट – (बागमती प्रदेश आर्थिक ऐन, २०७८)

६. ७० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकको मुटु रोगको निःशुल्क उपचार – (आर्थिक वर्ष २०७८/०७९ को बजेट)

७. ज्येष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम (महालक्ष्मी नगरपालिकाको नीति तथा कार्यक्रम २०७८/०७९)

## अनुसूची–३
## दफा ३ को उपदफा (४) सँग सम्बन्धित
## स्वास्थ्य संस्थाले स्वास्थ्य शाखामा पठाउने प्रतिवेदनको नमूना
## महालक्ष्मी नगरपालिका
## जेष्ठ नागरिक स्वास्थ्य सेवा
# **मासिक प्रतिवेदनको नमुना**

स्वास्थ्य संस्थाको नाम

महिनाः

प्रतिवेदन पठाएको मिति

| क.स. | जम्मा संख्या | बिरामीको रोगको बिबरण | | | | | | | | सेवा प्रदान गरेको संख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Hypertension | Diabetis | COPD | Asthma | Gastritis | Anxiety | Cancer | अन्य | रक्तचाप जााच गरेका संख्या | सुगर जाँचगरेको संख्या | SPO2 /Pulse | अन्य | प्रेषण गरेको संख्या |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

प्रतिवेदन तयार गर्ने

प्रमाणित गर्ने

अनुसूची–४

दफा ३को उपदफा(५)सँग सम्बन्धित

# प्रेषण पुर्जाको ढाँचा

महालक्ष्मी नगरपालिका, ललितपुर

जेष्ठ नागरिक स्वास्थ्य सेवा

**प्रेषण पुर्जा**

**व्यक्तिगत विवरण**

नाम थरः

मितिः

उमेरः

लिङ्गः

ठेगानाः

रोगको निदान

C/O

-
-

O/E

T: RBS:

P: Systemic Examination

R:

BP:

Spo2:

Past/Present Medication

प्रेषण गरेको संस्था:

प्रेषण गर्नुको कारण:

.................................................

दस्तखत

नाम थर

पद

प्रमाणीकरण मिति : २०७८/०६/८

आज्ञाले

**पुरुषोत्तम सापकोटा**

प्रमुख प्रशासकीय अधिकृत

महालक्ष्मी नगरपालिका, ललितपुर ।